# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८] काठमाडौं, माघ १४ गते २०२५ साल [अतिरिक्ताङ्क २८

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

राष्ट्र ऋण एेन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्र ऋण नियमहरू २०२० को नियम ४ उप-नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन ऋणपत्र निष्काशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य भुक्तानी अवधि व्याजको दर व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. <u>ऋणको नाम:-</u> यस ऋणको नाम विकास ऋण, २०३३ रहेको छ ।

२. <u>ऋणको उद्देश्य:-</u> विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. <u>निष्काशित ऋणको रकम:-</u> ऋणको जम्मा रकम रू. २,००,००,०००।- (दुई करोड) को हुनेछ ।

४ <u>ऋणको व्ययभार:-</u> यो ऋणको व्ययभार श्री ५ को सरकारको संचितकोष प्रति हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६२